"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हात्तीगौडा, काठमाडौं
## बागमती प्रदेश नेपाल

सूचना नं. ४८

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना !

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।१०।१२)**

बुढानीलकण्ठ नगरपालिकाको नगर अस्पतालको लागि देहायको पद, संख्या र योग्यता भएका स्वास्थ्य सेवाका कर्मचारी सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका प्रमाणपत्र र यस नगरपालिकाको राजश्व शाखामा राजश्व दाखिला गरेको सक्कलै रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | परीक्षा दस्तुर रु. | माग पद संख्या | उमेदवारको न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | ०५/०८०-८१ | अस्पताल निर्देशक | नवौं | १५००।- | १ (एक) | • मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै पनि क्लिनिकल विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।<br>• स्नातकोत्तर उपाधि प्राप्त गरेपछि कम्तिमा ५ वर्ष कार्य अनुभव भएको ।<br>• नेपाल मेडिकल काउन्सिलमा विषेशज्ञ चिकित्सकको रुपमा दर्ता भएको । |
| २. | ०६/०८०-८१ | मेडिकल अधिकृत | आठौं | १२००।- | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. उत्तीर्ण गरेको । |
| ३. | ०७/०८०-८१ | स्टाफ नर्स | पाचौं | ५०० ।- | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङग विषयमा प्रमाणपत्र तह उत्तीर्ण । |
| ४. | ०८/०८०-८१ | ल्याब टेक्निसियन | पाचौं | ५०० ।- | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा प्रमाणपत्र तह उत्तीर्ण । |
| ५. | ०९/०८०-८१ | सरसफाईकर्मी | तहविहीन | ३०० ।- | १ (एक) | साधारण लेखपढ । |

१. **छनौट प्रकृया:** *अस्पताल निर्देशक, मेडिकल अधिकृत र सरसफाईकर्मीको छनौट अन्तरवार्ता परीक्षाबाट हुनेछ । स्टाफ नर्स र ल्याब टेक्निसियन पदको छनौट लिखित र अन्तरवार्ता परीक्षाबाट हुनेछ । साथै* लिखित परीक्षाको हकमा बागमती प्रदेश, लोक सेवा आयोगले स्टाफ नर्स (स्वास्थ्य/जनरल निर्सिङ/स्टाफ नर्स) र ल्याब टेक्निसियन (स्वास्थ्य/ मे.ल्या.टे./ज.मे.ल्या.टे./ल्याब टेक्निसियन) को लागि निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

२. **उमेर:** (क) अस्पताल निर्देशकको हकमा दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ ।
(ख) अन्य कर्मचारीको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

३. **सेवाको किसिम:** करार

४. **दरखास्त दिने स्थान:** बुढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हात्तीगौंडा, काठमाडौं ।

५. **दरखास्त दिने मिति:** मिति २०८०।१०।१२ देखि २०८०।१०।२६ गतेसम्म (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन) ।

६. **करार सेवा अवधि:** २०८१ साल आषाढ मसान्तसम्म ।

**क्रमश:.......**

२०८०।१०।११

तुलसीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हात्तीगौडा, काठमाडौं
## बागमती प्रदेश, नेपाल

७. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
- प्रचलित कानून बमोजिम काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण भएको),
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, (सम्बन्धित विषयमा न्यूनतम १ वर्ष कार्य अनुभव पुरा भएको अनुभव गणना गरिनेछ भने अधिकतम ५ वर्षको अनुभव मात्र गणना गरिनेछ।)
- ३ प्रति पासपोट साइज फोटो,
- स्थानीयको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा स्थानीय पञ्जिकाधिकारीद्वारा जारी भएको प्रमाणपत्र (बसाईसँराई, विवाह दर्ता)को प्रतिलिपि पेश गर्नुपर्नेछ,
- नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएका सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

८. **सेवा सुविधा:** प्रचलित कानून बमोजिम हुनेछ।

९. **पदमा रही गर्नु पर्ने कामको विवरण:** नगरपालिकाले तोके बमोजिम।

१०. **पदपूर्ति गर्दा सम्बन्धित पदमा कार्य अनुभव प्राप्त गरेका उम्मेद्वारलाई प्राथमिकता दिइनेछ।**

११. **दरखास्त दस्तुर बुढानीलकण्ठ नगरपालिकाको नाममा प्रभु बैंक लिमिटेड, हात्तीगौंडा शाखामा रहेको राजस्व खाता नम्बर १००००९५२६२५०००९६ मा बुझाउन सकिनेछ।**

१२. **तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै गलत विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयम हुनुपर्नेछ।**

१३. **फारम प्राप्त गर्ने स्थान:** नगरपालिकाको प्रशासन शाखा।

१४. **परीक्षा कार्यक्रम तथा अन्तरवार्ताको मिति पछि प्रकाशन गरिनेछ।**

*पदपूर्ति सम्बन्धी आवश्यक प्रक्रिया बुढानीलकण्ठ नगरपालिका, करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।*

***थप जानकारीका लागि कार्यालयको फोन नं. ०१-४३७२७२५ मा सम्पर्क गर्न सकिनेछ।***

२०७९।१०।११

तुलसीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत